प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

प्रदेश नं. ३, हेटौंडा, मकवानपुर

## सौर्य सिंचाई आपूर्ति गर्न ईच्छुक आपूर्तिकर्ताहरुलाई सूचीकरण गर्न साथै सिलवन्दी दरभाउपत्र पेश गर्न आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०७६/०६/१६

कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौडाद्वारा आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषक/कृषक समूह/कृषि सहकारी/नीजि फार्मसँगको पचाँस प्रतिशत लागत साझेदारीमा कम्तिमा १०० (एक सय) परिमाणमा अधिकतम ७,००,००,०००।०० (अक्षेरुपि सात करोड मात्र) अनुदान लागतमा मागमा आधारित सौर्य सिंचाई आयोजना कार्यक्रम सञ्चालन हुने भएकोले सौर्य सिंचाई आपूर्ति गर्न ईच्छुक आपूर्तिकर्ता (कम्पनी/फार्म)बाट सुचिकृत हुनका लागि साथै सिलबन्दी दरभाउ पत्र पेश गर्नको लागि सूचना प्रकाशित गरिएको छ । प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिन (कार्तिक १५ गते) भित्र कार्यालय समयमा आईपुग्ने गरी सौर्य सिचाई कार्यक्रम संचालन कार्यविधि, २०७६ अनुसार कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौडामा कार्यालय समयमा आवश्यक कागजात सहित आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका दरखास्तहरु छनौटका लागि समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**आपुर्तिकर्ता छनौटका लागी शर्तहरु/ मापदण्डहरुः**

१. संस्था दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
२. संस्था नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि (आवशयक भएमा),
३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
४. लेखा परिक्षणको प्रमाणित प्रतिलिपि,
५. कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
६. आधिकारिक एजेन्टको (Authorized Agent) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
७. सौर्य सिचाई सम्बन्धि उपकरणहरुको Specification खुल्ने Catalogues र Leaflets,
८. आधिकारिक डिलर, सर्बिस सेन्टरको संस्था दर्ता, PAN/VAT प्रमाणपत्र र सम्झौता पत्रको प्रमाणित प्रतिलिपि (भएमा)
९. २ वर्षको ग्यारेन्टी,
१०. न्यूनतम १ वर्ष म्याद रहेको कम्तिमा कुल रकमको ३% बैंक ग्यारेन्टी।

**सौर्य सिचाई सम्वन्धि न्यूनतम मापदण्डहरुः**

१. पम्पको टाइप डिसीमा हुनु पर्ने,
२. Head(m) र Discharge(L/day) मा हुनु पर्ने,
३. दररेट उर्जा मन्त्रालय अन्तरगतको वैकल्पिक उर्जा प्रवर्द्वन केन्द्रको सौर्य सिचाई प्रणालीमा तोकिएको अधिकतम मूल्य भन्दा कम हुनु पर्ने,

नोटः थप जानकारीको लागि यस निर्देशनालयको फोन नं. ०५७-५२०४६६ मा सम्पर्क राखुहुन वा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेवसाइट molmac.p3.gov.np बाट सम्बन्धित कार्यक्रम संचालनको लागि तोकिएको कार्यविधि डाउनलोड गरी बिस्तृत जानकारी लिन सक्नुहुनेछ ।

स्थलमा सुनुवाई भएको हो ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

प्रदेश नं. ३, हेटौंडा, मकवानपुर

## व्यवसायिक स्याउ खेतिका लागि उन्नत जातका स्याउको गुणस्तरीय विरुवा आपूर्ति गर्न ईच्छुक वितरक आपूर्तिकर्ताहरुलाई सूचीकरण गर्न साथै सिलवन्दी दरभाउपत्र पेश गर्न आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०७६/०६/१६

कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडाद्वारा आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दोलखा/रसुवा/सिन्धुपाल्चोक/रामेछाप/धादिङ्ग जिल्लाका कृषि फार्म/कृषि कम्पनी/कृषि उद्यमी/कृषक/कृषक समूह/कृषि सहकारीसँगको पचाँस प्रतिशत लागत साझेदारीमा बृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रममा कम्तिमा २५,००० (पच्चिस हजार मात्र) उन्नत जातका स्याउको गुणस्तरीय विरुवा वितरण गर्न ईच्छुक आपूर्तिकर्ताबाट सिलबन्दी दरभाउपत्र आह्वानको लागि सूचना प्रकाशित गरिएको छ । प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिन (कार्तिक १५ गते) भित्र कार्यालय समयमा आईपुग्ने गरी "बृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" अनुसार आवेदन कृषि विकास निर्देशनालय, प्रदेश नं. ३. हेटौंडामा कार्यालय समयमा आवश्यक कागजात सहित आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका दरखास्तहरु छनौटका लागि समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**आपूर्तिकर्ताले पेश गर्ने आवश्यक कागजातहरुः**

१. संस्थाको स्थायी लेखा नम्बर/दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपी,
२. कर चुक्ता प्रमाणको प्रतिलिपी,
३. प्रबन्ध पत्र र नियमावली,
४. निकासी/ पैठारी संकेत नं. (Exim code),
५. विगतको Plant Quarantine Import Permit प्रमाण-पत्रको प्रतिलिपी (भएमा),
६. बिक्री गरेको बिलको प्रतिलिपीमा कम्पनीको सही छाप (भएमा),
७. बाह्य देश बाट बिरुवा तथा अन्य सामाग्री आयात गरेको अनुभवको प्रमाणपत्रको प्रतिलिपी (भएमा),
८. संलग्नहुने प्राविधिकहरुको व्यक्तिगत विवरण तथा तालिम/अनुभवको, प्रमाणपत्रको प्रतिलिपी (भएमा),
९. आपूर्तिकर्ताको नाममा रहेको बैंक तथा वित्तिय संस्थामा रकम जम्मा रहेको प्रमाणको रुपमा स्टेटमेन्ट वा भौचर,
१०. न्यूनतम १ वर्ष म्याद रहेको कम्तिमा कूल रकमको ३% बैंक ग्यारेन्टी।

**गुणस्तरीय स्याउको विरुवाको न्यूनतम मापदण्डहरुः**

१. विरुवा कम्तिमा ५ फिट उचाई,
२. प्रशस्त मात्रामा स्वस्थ जराहरु भएको,
३. नेता हाँगाहरु सोझा र प्रभावशाली भएको,
४. नेता हाँगालाई प्रभाव (dominant) पार्ने अन्य हाँगाहरु नभएको,
५. १२-२५ से.मी. लामो ६-१० वटासम्म फल्ने (feather) हाँगाहरु जमिनको सतह देखि ६० से.मी. भन्दा माथी चारै तिरबाट नियमित अवधी (regular interval)मा आएको र wide angled भएको,
६. कुनैपनि क्वारान्टाईनयुक्त रोगकिरा नभएको आधिकारिक फाईटोस्यानेटरी प्रमाणपत्र (phyto sanitary certificate) भएको,
७. विरुवालाई कतै चोटपटक नलागेको र feather हाँगाहरु नभाँचिएको,
८. एम. ९ क्लोनल रुटस्टकमा कलमी गरिएको निम्नानुसारका जातहरुलाई प्राथमिकता दिइनेछः
   - १.१ रुटस्टकः M9 T337
   - १.२ गाला मेमा (Gala Mema)
   - १.३ गोल्डेन डेलिसियस मेमा (Golden delicious mema)
   - १.४ फुजी किकु फुब्रेक्स (Fuji kiku Fubrax)
   - १.५ किङ्ग रोट रेड डेलिसियस (King Roat Red Delicious)
   - १.६ कृषकले रोजेको अन्यजातहरु

नोटः थप जानकारीको लागि यस निर्देशनालयको फोन नं. ०५७-५२०४६६ मा सम्पर्क राख्नुहुन वा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेबसाइट molmac.p3.gov.np बाट सम्बन्धित कार्यक्रम संचालनको लागि तोकिएको कार्यविधि डाउनलोड गरी विस्तृत जानकारी लिन सक्नुहुनेछ ।

बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेड